म्यागङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देउराली, नुवाकोट
बागमती प्रदेश

मिति : २०७६/१२/२७

## प्रेस विज्ञप्ती

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस(कोभिड-१९)नियन्त्रण गर्न हाल देशभर लकडाउन कायम रहेको छ। लकडाउनको अवधी लम्बिदै जाँदा विपन्न परिवार, मजदुर, असहाय तथा असंगठीत क्षेत्रमा कार्यरत श्रमिक बर्गलाई राहत प्रदान गर्न तथा कोरोना भाइरसका कारण सिर्जित हुने विपदको सामना गर्न म्यागङ गाउँपालिका कार्यालयले हिमालयन बैङ्क, म्यागङ शाखामा स्थानीय आकस्मिक कोष खाता सञ्चालन गरेको छ।

जस्तो सुकै परिस्थितिमा पनि राष्ट्रसेवक कर्मचारीले आफ्नो कर्तब्यप्रती प्रतिबद्ध रही राष्ट्र र देशप्रती सेवा गर्दै आएको सर्वबिदितै छ। हाल कोरोना भाईरसको कारण बर्तमान समयमा तथा भबिष्यमा आईपर्ने प्रकोप न्युनीकरण तथा नियन्त्रणको लागी संघ, प्रदेश तथा स्थानीय सरकारसँग एकाकार रुपमा कार्यगर्न यस गा.पा. कार्यालयका कर्मचारी सधै प्रतीबद्ध रहने ब्यहोरा अनुरोध छ।

कोरोना भाईरसबाट उत्पन्न परिस्थितिको सामना गर्न यस गा.पा. कार्यालयका सम्पूर्ण कर्मचारीहरुले चैत्र महिनाको तलबबाट **प्रमुख प्रशासकीय अधिकृतले १५दिन, अधिकृत स्तरको कर्मचारीबाट ५ दिन, सहायक स्तरको कर्मचारीबाट ३ दिनको तलब बराबरको रकम अक्षरेपी रु जम्मा एकलाख बाउन्न हजार तेतीस ( अङकमा १,५२,०३३ /-)** हिमालयन बैङ्क मा रहेको म्यागङ गाउँपालिका स्थानीय आकस्मिक कोष खाता नं.०५७०७६३७४२००६७ मा सहयोग स्वरुप जम्मा गरिएको र अन्य महानुभावहरुलाई पनि आफ्नो स्तरबाट सहयोग गर्न अनुरोध छ।

.........................
**प्रमोद तिमल्सिना**
**(प्रमुख प्रशासकीय अधिकृत)**

प्रमोद तिमल्सिना
प्रमुख प्रशासकीय अधिकृत

ईमेल: myagangrm@gmail.com, URL: myagangmun.gov.np